
# पुस्तक समीक्षाः नेपाल नखुलेका पाटाहरू




सुप्रभ आचार्य
कक्षा ९ ‘सैपाल’
डियरवाक सिफल स्कुल

पुस्तक परिचय
विधा - गैरआख्यान
नाम - नेपाल नखुलेका पाटाहरू
लेखक - डा. तीर्थबहादुर श्रेष्ठ
प्रकाशक - बुकहिल पब्लिकेसन प्रा.लि काठमाण्डौ

भू-प्राकृतिक संरचनामा सृजित पुस्तकः  नेपाल नखुलेका पाटाहरू

डा. तीर्थबहादुर श्रेष्ठद्वारा लिखित 'नेपाल नखुलेका पाटाहरू'  साहित्य लेख सङ्ग्रह वि.सं. २०७६ सालमा बुक हिल पब्लिकेसनबाट प्रकाशन भएको कृति हो । यसको पुनः मुद्रण २०८० असोजमा भएको हो । राजेन्द्र दाहालद्वारा सम्पादन गरिएको यस पुस्तकमा जम्मा तीनवटा खण्ड रहेका छन् । पहिलो खण्डमा नेपालको भू प्राकृतिक स्वरूपको व्याख्या गरिएको छ भने दोस्रो खण्डमा आधारभूत विज्ञान, व्याहारिक प्रविधि र हाम्रा संस्कृति एवं परम्परासँग जोडिएका विषयवस्तुलाई समावेश गरिएको छ । त्यसै गरी तेस्रो खण्डमा जैविक विविधता एवं प्रकृति संरक्षण सम्बन्धी लेखहरूलाई समावेश गरिएको छ ।

यस पुस्तकमा जम्मा ५२ वटा सिर्जना समावेश गरिएका छन् । जसको आवरण स्केच सचिन युगोल श्रेष्ठले गरेका छन् भने यो डा. तीर्थ बहादुर श्रेष्ठको सर्वाधिकार भएको पुस्तक हो । यसमा जम्मा ३०४ पृष्ठ रहेको छ । काठमाण्डौँको महाबौद्ध टोलमा वि.सं. १९९४ मा जन्मनुभएका वनस्पतिविज्ञ डा. श्रेष्ठले दरबार हाइस्कूल र त्रिचन्द्र कलेज हुँदै भारतको अलिगढ विश्वविद्यालयबाट उच्च शिक्षा र फ्रान्सको गृनवल विश्वविद्यालयबाट विद्यावारिधि गर्नु भएको हो । उहाँले वनस्पति विभागको सरकारी सेवामा काम गर्नु भएको थियो भने तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा वि.सं २०३६ देखि वि.सं. २०४७ सम्म विज्ञान विधाको प्रतिनिधित्व गरी सदस्य सचिवसम्मको जिम्मेवारी सम्हानु हुँदै आजीवन सदस्य समेत बन्नु भएको थियो । उहाँले हालसम्म अब्राहम संरक्षण पुरस्कार तथा जगदम्मा श्री पुरस्कार प्राप्त गर्नु भएको छ । उहाँको यो पुस्तक अधिक बिक्री भएको पुस्तक मध्ये पर्न आउँछ ।

नेपाल नखुलेको पाटाहरू पुस्तकको पहिलो खण्ड विशेषतः नेपालको भू-प्राकृतिक संरचनाका विषयमा केन्द्रित रहेको छ । यस खण्डमा उल्लेख गरिएका १२ वटा सृजनाले नेपालको विशालता, यसमा समावेश भौगोलिक अवस्था, नेपाल र यसको क्षेत्रफल, त्यसको मापन, यहाँका मौलिकता, यहाँ रहेका प्राकृतिक छटाहरू, हिमाल,

काली गण्डकीको इतिहास, त्यहाँ पाइने सालिकग्रामको गाथा, कञ्चनजङ्गाको अपभ्रंशात्मक नामाङ्कन, नेपाल देशले भारत र चिनका लागि बनाइएको भूसेतु, चुरे, महाभारत श्रृङ्खलाका कथाहरू बन्दिपुरको रमणीयता, सगरमाथाको महत्त्व र पातले छाँगाको महिमालगायत नेपालको भूगोल, प्रकृति र जनसङ्ख्याका विषयलाई मुख्य केन्द्रमा राखेको छ ।

लेखककाअनुसार नेपालको काखमा हिमाल हो, न कि हिमालको काखमा नेपाल हुन सक्छ भन्ने सत्यता उनको नेपालको कामा हिमाल लेखमा पोखेका छन् । यस लेखको सुरूआत नेपालीले सृजना गरेको स्वदेश गान 'विश्वमा अग्लो हिमाल, काखमा हाम्रो नेपाल' भन्ने पङ्तिलाई तिखो प्रहार गर्दै नेपाल भित्रका हिमाल विश्वमा अग्लो भएको हो, तर हिमालको काखमा नेपाल रहेको होइन, नेपालभित्र नै विभिन्न नामका हिम शिखरहरू भएको यथार्थलाई उजागर गरेका छन् । उनले यस लेखमा नेपालको काख भन्नाले मेचीदेखि महाकालीसम्म मात्र नभएर महाकाली पारीका चाँदनी र दोधारालाईसमेत नेपालको भूमि भएको र कालापानी समेतलाई नेपालीलगायत सबैले नेपालको इतिहासमा स्मरण गरिरहनु पर्ने साथै मधेश, पहाड र हिमालका सबै नेपाली एउटै भएको र अहिलेको नयाँ नेपाल जुन लोकतान्त्रिक गणतान्त्रिक नेपाल हुँदा पनि यी सबै नेपालको कोख र काख एउटै भएको र एकलाई दुख्दा अर्कोलाई पीडा हुने कुरालाई उजागर गरेका छन् । उनले भनेका छन् 'नेपालको काखमा रहेको कालापानी होस् वा काकँरभिट्टा, कञ्चनपुर होस् वा कञ्चनजङ्गा, सुस्ता वा रसुवा यी सबै नेपाल आमाको काखमा अवस्थित छन् न कि नेपाल आमा यिनीहरूको पोल्टामा । यसबाट हाम्रो देश नेपाल विशाल भएको र यस भित्रका विविध आयामले यसको विशालतालाई झल्काएको कुरालाई साहित्यको माध्यमबाट देखाउन खोजेका छन् ।

कत्रो छ नेपाल भन्ने आलेखमा यस पुस्तकका लेखक डा. श्रेष्ठले नेपालको हालको क्षेत्रफल भन्दा नेपाल धेरै विशाल भएको र यसको क्षेत्रफल निर्धारणमा लम्बाइ, चौडाइका साथै उचाइलाईसमेत समावेश गरिनु पर्ने कुरालाई उठाएका छन् । उनले यस लेखमा नेपालको भू-राजनैतिक अवस्थितिलाई र नेपालका हिमाल पहाड लगायत शहर बस्तीहरूका बारेमा चर्चा गर्दै नेपाललाई विश्वमा हेर्ने र परिचर्चा गर्ने दृष्टिमा परिवर्तन हुनु पर्ने कुरालाई औंल्याएका छन् ।

यस पाठमा उनले भूपि शेरचनको रचना हल्लैहल्लको देश हो भन्ने रचनाबाट लिइएका हरफहरू ‘अंशै बण्डा गर्ने हो भने पनि यो देशका एक करोड टुक्राहरूमध्ये एउटा टुक्रा माथि मेरो पनि छाप्रो हुने छ र यो, देशका असङ्ख्य बगरहरूमध्ये एउटा बगरमाथि मेरो पनि चिता हुने छ भनेर नेपाललाई विशाल र नेपालमाथि सबै नेपालीको बाच्दा र मर्दासमेत स्वामित्व रहने कुरालाई  तथ्यगत रूपमा प्रस्तुत गरेका छन् । लेखक श्रेष्ठले हाम्रो देश नेपाल सानो नभएको र यसलाई विशालताको हिसावबाट व्याख्या गरी विश्वभर यसको विविधता, यसमा भएको भू-प्राकृतिक विशेषतालाई प्रचार प्रसार गरिनु पर्ने कुरामा जोड दिएका छन् । यसमा भएका नदी नाला, हरियो बन, जडिबुटी, यहाँ रहेको विश्वको उच्च शिखर सगरमाथा र गहिरो भूभाग केचनाकलनका कुराहरूलाई हेरेर नेपाल सानो होइन विशाल छ भन्दै नेपालको क्षेत्रफल बस्तुपरक हुनु पर्ने र यसको क्षेत्रफलका पुनःविचार गरिनु पर्ने लेखकको मुल सन्देश रहेको छ ।

लेखकले यी लगायत नेपालका चार दिशा, कमलो पहाड, दुर्बल बासिन्दा, मान्छे मनसुन र पहाड, हाम्रा अनाम हिम शिखर, भूपरिवेष्ठित होइन भूसेतु, चुरेको गोष्ठीमा चुर्यै संसार, सगरमाथा हरायो, पातले छाँगो बिलायो, बान्की बन्दिपुरको र भूगोल, प्रकृति र जनसख्या नामक पाठहरूसमेत उल्लेख गरेका छन् ।
यी शीर्षकअन्तर्गतका उनका विचारहरूमा नेपाल भित्रको मौलिकपन, यसले जन्माएको इतिहासलाई अहिलेको आधुनिकताले मेटाउनु नहुने, जन्मदाको नामाकरणलाई हाम्रा सन्ततिसम्म हस्तान्तरण गर्नु पर्ने विचार राखेका छन्  जुन कुरा नेपालको सर्वोच्च शिखर सगरमाथाको नाम माउण्ट एभरेष्टले संसारमा चिनिनुलाई उल्लेख गरेका छन् । यति मात्र हैन चुरेमाथिको राजनीतिलाईसमेत लेखकले उजागर गर्दै चुरे खण्ड असाध्यै कमलो, छिट्टै भक्कने र छिट्टै विखण्डन हुने भएकाले र त्यहाँ मनसुनले पनि बढी क्षति पुर्याउने हुँदा अवको पहिलो प्राथमिकता भनेको पूर्वी तराईको बचावट गर्नु हो र सर्वप्रथम भत्कन लागेका चुरेको संरक्षणमा अहिलेको सङ्घीय तथा प्रादेशिक सरकार तथा स्थानीय सरकारको प्राथमिकतमा पर्नुपर्ने र त्यसतर्फ सम्बन्धित निकायले ध्यान पुर्याउनु पर्छ भन्दै हरियो वन नेपालको धनको संरक्षणमा लाग्नु पर्ने कुरालाईसमेत औल्याएका छन् ।

लेखकले सगरमाथा हरायो, पातले छाँगो बिलायो भन्ने पाठमा नेपालका वन, वनस्पति, बन्यजन्तु, चराचुरूङ्गी र बालीनाली समेतलाई जनाउने हजारौँ स्थानलाई संरक्षण गर्न सकेमा मात्र नेपालको पहिचान जोगाउन सकिने र यसका लागि स्थानीय तहले र त्यसभित्र कार्य गर्ने कार्य समितिले ध्यान पुर्याउनु पर्दछ भनेका छन् । कुनै पनि ठाउँको नाममा त्यहाँको इतिहास लुकेको हुन्छ, त्यसमा धर्म, संस्कृति र परम्परा लुकेको हुन्छ, भाषा, साहित्य र कला मौलाएको हुन्छ । पहिचानका नाममा यस किसिमका मौलिक नामहरूलाई मेटाउनतर्फ लाग्यो भने आफ्नो अस्तित्व नै मेटिने हुँदा त्यसको मौलिक नामलाई जीवन्त बनाउनु आजको आवश्यकता हो भनेका छन् ।

यो पुस्तकलाई लेखकले नेपालको सङ्घीय गणतन्त्रपछि पुनः परिमार्जन गरेर हालको अवस्था अनुसार नेपालमा भएका वास्तविकतालाई औल्याउँदै नेपाल विशाल र विविधताले पूर्ण देश भएको र यसको आयामलाई बाहिरी आँखाले मात्र हेरेर वयान गर्नुभन्दा यसभित्र लुकेर रहेका यसका विशेषता र यसको महत्तालाई बुझी अहिलेको नयाँ संरचनाले यसको लुकेको पाटामा ध्यान पुर्याउन अनुरोध गरेका छन् । लामो समयको खोज, अनुसन्धान र अनुभवबाट यो पुस्तक तयार पारिएको हो । नेपालप्रति माया गर्ने जो सुकै व्यक्ति, साहित्यकार, राजनैतिक विश्लेषकले यो पुस्तकलाई अध्ययन गरी यसभित्रको लुकेको पाटोलाई उजागर गर्न यो पुस्तक पढ्नका लागि म सिफारिस गर्दछु ।